# भिमाद नगरपालिका
# BHIMAD MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE

भिमाद, तनहुँ
BHIMAD, TANAHUN
२०७३ / 2073

गण्डकी प्रदेश, नेपाल
GANDAKI PROVINCE, NEPAL

प.सं / REF. NO. : २०८२/०८३
च.सं / DIS. NO.

सूचना नं. ५१

मिति २०८२/०८/१६

**बाँझो जग्गामा घाँस खेती कार्यक्रम सञ्चालन सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना।**

प्रस्तुत विषयमा भिमाद नगरपालिका पशु सेवा शाखाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक **बाँझो जग्गामा घाँस खेती कार्यक्रम** संञ्चालन गर्नु पर्ने भएकाले **भिमाद नगरपालिका बाँझो जग्गा उपयोग अनुदान कार्यविधि २०७९, पहिलो संशोधन २०८१** अनुसार प्रथम पटक प्रकाशित सूचनामा लक्ष्य अनुसारको आवेदन पेश नभएको हुनाले यस नगरपालिका भित्रका ईच्छुक कृषक, कृषि फर्म, कृषक समुह तथा कृषि सहकारी संस्थाहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित आजको मितिले ७ (सात) दिन भित्र भिमाद नगरपालिका पशु सेवा शाखामा आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरु :

१. तोकिएको ढाँचाको निवेदन

२. वडा कार्यालयको सिफारिस, जग्गा धनी पूर्जाको प्रतिलिपि, तिरो तिरेको निस्सा, नागरिकताको प्रतिलिपि

३. जग्गाधनी सँग जग्गा भाडामा लिएको भए सोको सम्झौताको कागजात,

४. विगत तीन वर्ष देखि खेती नगरी जग्गा बाँझो रहेको खुल्ने स्थलगत सर्जमिन मुचुल्का,

५. बाँझो जग्गा उपयोग गर्न चाहने व्यक्ति वा संस्थाले खेती गर्न चाहेको घाँसको किसिम,

६. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि र निर्णय, पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र व्यवसाय इजाजत पत्रको प्रतिलिपि ।

०८/२०/१६

कमलप्रसाद पुन
प्रमुख प्रशासकीय अधिकृत